# बोर्ड अफ ट्रष्टि मार्फत विश्वविद्यालय संचालनको अवधारणा–पत्र

अनेरास्ववियु

## विश्व परिवेश:

विश्वमा विश्वविद्यालय संचालनका विभिन्न अवधारणाहरु रहेका छन् । सम्वन्धित देशको राजनैतिक व्यवस्था र उक्त विश्वविद्यालयको ऐतिहासिक पृष्ठभुमिले विश्वविद्यालयको संचालनको विधि निर्धारण गर्ने गरेको पाइन्छ । विश्वविद्यालयक संचालनमा विश्वभर प्रसिद्ध रहेको एउटा अवधारणामा शासन सत्ताको कुनै पद वा कुनै सामाजिक वा धार्मिक संस्थाको कुनै पदमा रहेको व्यक्ति मानार्थ कुलपति हुने र उसले विश्वविद्यालयको नेतृत्व गर्ने प्रचलन रहेको पाइन्छ । त्यस्तै, अर्को अवधारणामा कुनै समिति वा बोर्डको मातहतमा कुलपति, अध्यक्ष वा सभापति नियुक्त हुने र उसैको नेतृत्वमा विश्वविद्यालय संचालन हुने गर्दछ । विश्वविद्यालय संचालन स्वायत्त रुपमा गर्ने वा नियन्त्रित रुपमा गर्ने भन्ने सन्दर्भमा बहसहरु जारी नै छन् । विश्वविद्यालयको संचालन समितीमा त्यसको स्थापनाको प्रकृति हेरेर मुख्य रुपमा सरकार, निजी क्षेत्र, धार्मिक संघ संस्था, निजी-सार्वजानिक सहकार्य, विभिन्न प्रतिष्ठान, भूतपूर्व विद्यार्थीहरु, सरकारका विभिन्न निकाय आदिले प्रभाव पारेका हुन्छन् ।

विश्वविद्यालय संचालन समितिको मुख्य नेतृत्वको चयनको सन्दर्भमा विभिन्न विधि तथा अवधारणाहरु रहेका छन् । परम्परागत रुपमा संचालनमा रहेका विश्वविद्यालयहरुमा राष्ट्राध्यक्ष अथवा सरकार प्रमुख वा त्यस्तै कुनै निश्चित व्यक्तिलाई मानार्थ कुलपतिको रुपमा स्थापित गर्ने प्रचलन रहेको छ भने आधुनिक अवधारणाहरुमा विभिन्न पक्ष तथा सरोकारवालाहरुको सहभागितामा योग्य र विश्वविद्यालयसंग सम्वन्धित व्यक्तिलाई नियुक्त गर्ने अभ्यास रहेको छ । आधुनिक अवधारणाबाट संचालित विश्वविद्यालयहरुमा कुलपति नियुक्त गर्दा सर्च कमिटी गठन गरेर कुलपतिको लागि दरखास्त आह्वान गर्ने र उपयुक्त व्यक्तिलाई विभिन्न छनौट प्रक्रियाको आधारमा छनौट र नियुक्त गर्ने प्रचलन रहेको छ । त्यस्तो सर्च कमिटीमा विश्वविद्यालयका प्रध्यापक, विद्यार्थी, भूतपूर्व विद्यार्थी, कर्मचारी, सल्लाहकारहरु लगायतका सरोकारवालाहरुको सहभागिता रहने गरेको छ । त्यस्तै कुनै कुनै विश्वविद्यालयले कुलपति नियुक्त गर्ने जिम्मा कुनै स्वतन्त्र निकायलाई पनि दिने गरेका छन, जसले निश्चित मापदण्डको आधारमा कुलपति नियुक्त गर्ने गर्दछन् । त्यस्तै कुनै कुनै विश्वविद्यालयले आफैमा कार्यरत योग्य व्यक्तिहरुलाई पदोन्नती गरेर कुलपतिको रुपमा नियुक्त गर्ने प्रचलन पनि रहेको छ । यसरी गरीने छनौट प्रक्रियामा सरोकारवाला पक्षहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको पाइन्छ । जसमा नियुक्त हुने व्यक्तिको काम, कर्तव्य र अधिकार सुनिश्चित गरिएको हुन्छ । त्यस्तै सो व्यक्तिले प्राप्त गर्ने सुविधाहरु त्था उसले पुरा गर्नु पर्ने लक्ष्य पनि निर्दिष्ट गरिएको हुन्छ ।

राष्ट्रप्रमुख, सरकार प्रमुख वा अन्य त्यस्तै निश्चित व्यक्तिलाई विश्वविद्यालयको कुलपति नियुक्त गर्ने र स्वतन्त्र छनौट प्रक्रियाद्वारा कुलपति नियुक्त गर्ने प्रक्रियाका आफ्नै विशेषता र कमजोरीहरु रहेका छन् । राष्ट्रप्रमुख वा सरकार प्रमुख कुनै संस्थाको प्रमुख हुँदा त्यसको प्रतिष्ठा बढ्ने विश्वास गरिन्छ। त्यसको प्रतिष्ठाको आधारमा उक्त विश्वविद्यालयले धेरै आर्थिक सहयोग तथा विद्यार्थीहरु पाउने संभावना रहने विश्वास गरिन्छ । त्यस्तो विश्वविद्यालयलाई सरकारी तथा गैरसरकारी संस्थाहरुले पनि सहयोग गर्ने संभावना बढी रहन्छ । त्यस्तो विश्वविद्यालयले आन्तरिक र बाह्य रुपमा सजिलै आफ्नो सम्बन्ध विस्तार गर्न सक्दछन् । मुख्य रुपमा सरकार संचालित वा सरकारको प्रभावमा रहेका विश्वविद्यालयमा यो प्रावधान रहेको छ । राष्ट्रप्रमुख वा सरकार प्रमुख विश्वविद्यालयको कुलपति हुने व्यवस्थाका आपफ्नै कमजोरीहरु पनि रहेका छन् । सरकारको प्रमुख कुनै संस्थाको प्रमुख बन्दा सो संस्थामा उसले धेरै समय दिन भ्याउदैन । उ राष्ट्र संचालनमा बढी केन्द्रित हुनु पर्ने हुदा विश्वविद्यालयमा उसको भूमिका निस्कृय खालको हुन्छ जसको कारण विश्वविद्यालय अनिर्णयको बन्दी हुने संभावना रहन्छ । राजनीतिक व्यक्ति विश्वविद्यालयको प्रमुख हुँदा उक्त विश्वविद्यालयमा आवश्यक भन्दा बढी राजनीतिकरण हुने संभावना रहन्छ। यसले विश्वविद्यालयका अवयवलाई पक्ष र विपक्षमा विभक्त गर्ने र विश्वविद्यालयको शक्ति आन्तरिक राजनीतिक द्वन्द र त्यसको निराकरणमा केन्द्रित हुने हुन्छ । विश्वविद्यालय प्राज्ञिक क्षेत्रहरु हुन र त्यसको नेतृत्व पनि प्राज्ञिक क्षेत्रबाट नै आउनु पर्दछ तर, राष्ट्र प्रमुख वा सरकार प्रमुख विश्वविद्यालयको नेतृत्वमा रहदा विश्वविद्यालयले विषय विज्ञको अभिभावकत्व र नेतृत्व गुमाउदछ । विश्वविद्यालयमा पाइला नटेकेको व्यक्ति विश्वविद्यालयको नेतृत्वमा स्थापित हुने संभावना रहन्छ। राष्ट्र प्रमुख वा सरकार प्रमुख जस्तो शक्तिशाली व्यक्ति विश्वविद्यालयको नेृत्वमा स्थापित हुदा अन्य सरोकारवालाहरुको भूमिका कमजोर बन्दछ । संस्थाको मुल नेतृत्वले छनौट प्रक्रिया विना नियुक्त हुँदा अन्य नियुक्तिहरु पनि विना छनौट प्रक्रिया अपारदर्शी ढंगले हुन्छन् । नेतृत्वको अधिनायकत्व स्थापित हुदा क्रमशः विश्वविद्यालयको निर्णय प्रक्रिया स्वेच्छाचारी बन्ने संभावना रहन्छ ।

स्वतन्त्र व्यक्तिलाई छनौट प्रकृयाद्धारा विश्वविद्यालयको नेतृत्वमा स्थापित गर्ने प्रक्रियाका पनि आफ्नै विशेषता र कमजोरीहरु रहेका छन् । विश्वविद्यालयमा स्वतन्त्र व्यक्ति कुलपतिमा नियुक्त गरिदा विषय विज्ञ, प्राज्ञिक व्यक्तित्व र सबल नेतृत्वले नियुक्ति पाउने संभावना रहन्छ। स्वतन्त्र व्यक्ति कुलपतिमा नियुक्त हुदा विश्वविद्यालयहरुले वास्तविक रुपमा स्वायत्तता र स्वतन्त्रताको अनुभूति गर्न पाउँदछन् । त्यस्तै विश्वविद्यालयमा राजनीतिक हस्तक्षेपलाई

न्यूनिकरण गर्न सकिन्छ । संस्थाको मूल नेतृत्व क्षमताको आधारमा छनौट प्रक्रियाद्धारा गरिदा संस्थाका अन्य नियुक्तिहरु पनि क्षमताको आधारमा अगाडी बढ्दछन् । तर, राष्ट्र प्रमुख वा सरकार प्रमुख कुलपति हुने व्यवस्थाको तुलनामा यस प्रक्रियाका पनि केहि कमजोरी देखिन्छन् । जस्तो स्वतन्त्र व्यक्ति कुलपति हुनु भन्दा राष्ट्र वा सरकार प्रमुख कुलपति हुदा त्यो विश्वविद्यालयमा सरकारी सहयोग बढी आउने, त्यसको विश्वनियता बढी हुने, निय'क्त व्यक्तिले पक्षपातपुर्ण कार्यहरु गर्ने संभावना पनि हुने गर्दछन् ।

राष्ट्र प्रमुख वा सरकार प्रमुख कुलपति हुने र उसको अधिनायकत्वमा विश्वविद्यालय संचालन हुने अभ्यासबाट अधिकांश विश्वविद्यालयहरु स्वायत्त रुपमा बोर्ड आफ ट्रस्टी र स्वतन्त्र रुपमा निय'क्त कुलपतिले संचालन गर्ने दिशामा अगाडी बढी सकेका छन् । यो परिवर्तको पछाडी धेरै कारणहरु रहेका छन् । पहिलो कारण पहिलेका सरकारहरु निरंकुश हुने गर्दथे र सरकारका सवै अवयवको नियन्त्रण आफुमा निहित गर्न खोज्दथे, प्रजातन्त्रको विश्वव्यापिकरणको कारण हरेका क्षेत्रलाई स्वायत्त बनाउदै जाने प्रचलन चल्न थाल्यो र राष्ट्र प्रमुख वा सरकार प्रमुखका कार्यक्षेत्रहरु सिमित हुन थाले । यसले विश्वविद्यालयको संचालन प्रकृया लोकतान्त्रिक, सहभागिता मुलक, पारदर्शी, उत्तरदायी र प्रभावकारी हुन थाल्यो । स्वतन्त्र छनौट प्रक्रियामा योग्य व्यक्तिको छनौट हुने संभावना बढी हुने भयो । बोर्ड अफ ट्रष्टिले विश्वविद्यालय संचालन गर्दा प्रज्ञिक नेतृत्वको सनिश्चितिता हुने भयो । प्रज्ञिक नेतृत्वले विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तताको सुनिश्चितता गर्दछ । यसले विश्वविद्यालयको प्राज्ञिक गुणस्तर बृद्धि गर्नुका साथै प्राज्ञिक विश्वसनियतालाई पनि बढावा दिन्छ । साथै, प्राज्ञिक नेतृत्वलाई प्राज्ञिक प्रशासन संचालनको बारेमा जानकारी हुन्छ र विश्वविद्यालय संचालनमा आवश्यक प्रशासनिक संयन्त्रलाई परिचालन यो नेतृत्वले प्रभावकारी रुपमा गर्न सक्दछ । बोर्ड अफ ट्रष्टिले निय'क्त गर्ने कुलपति क्षमता र उपयुक्त अनुभव सहितको हुने पर्दछ, यसको नेतृत्वमा विश्वविद्यालयले आफुलाई समय अनुकुल परिमार्जन गर्दै जाने संभावना रहन्छ र त्यसले विश्वविद्यालयको सान्दर्भिकता जिवन्त राख्ने र बढाउदै जाने हुन्छ ।बोर्ड अफ ट्रष्टिद्धारा निय'क्त व्यक्ति केवल विश्वविद्यालय प्रति उत्तरदाायि हुन्छ, त्यस बाहेक उसका अन्य मुख्य जिम्मेवारीहरु हुदैनन् तसर्थ, उ विश्वविद्यालयको जिम्मेवारीमा पुर्ण रुपमा कृयासिल हुने संभावना रहन्छ । सरकारहरु निरन्तर परिवर्तन हुने संभावना रहन्छ, तसर्थ, राष्ट्र प्रमुख वा सरकार प्रमुख कुलपति पनि सरकारसंगै परिवर्तन हुने संभावना रहन्छ । जब, बोर्ड अफ ट्रष्टिद्धारा कुलपति निय'क्त गरिन्छ

उ निश्चित कार्यकालको लागि निय'क्त हुने गर्दछ। यसरी विश्वविद्यालयको मुल नेतृत्व स्थिर हुने गर्दछ।

राष्ट्र प्रमुख वा सरकार प्रमुख कुलपति हुने व्यवस्थाबाट बोर्ड अफ ट्रष्टिद्धारा कुलपति नियुक्त हुने दिशामा अपवाद बाहेकका विश्वका अधिकांश विश्वविद्यालयहरु सो दिशामा अगाडी बढीसकेका छन । त्यसको पछाडी विश्वविद्यालयमा प्रज्ञिक प्रशासनको अवधारणा विकसित हुनु, विश्वविद्यालय संचालन विधिमा आधुनिक अवधारणाहरुले प्रबेश पाउनु, प्रज्ञिक स्वायत्तताको अवधारणको विस्तार हुनु, प्रजातान्त्रिक शासन प्रणालीको विस्तार हुनु, शक्ति पृथकीकरणको सिद्धान्तको विस्तार हुनु पनि रहेका छन । युरोपमा पुनर्जागरणको युग पछि विश्वविद्यालयलाई स्वायत्त प्रशासनिक एकाइको रुपमा विकसित गर्ने अभ्यासको सुरुवात भयो । जसको कारण विश्वविद्यालयहरु राज्यसत्ताको प्रत्यक्ष हस्तक्षेपबाट मुक्त हुदै गए र बोर्ड अफ ट्रष्टिद्धारा संचालित हुने प्रकृयामा अगाडी बढे। यसले विश्वविद्यालयको प्रशासनिक र प्राज्ञिक स्वायत्ततालाई विस्तार गर्दै जान थाल्यो। पुनर्जागरण युगमा नै विश्वविद्यालयलाई राजनीतिक तथा धार्मिक प्रभावबाट मुक्त राख्दै प्रज्ञिक स्वतन्त्रतालाई अक्षुण राख्ने अभ्यास विस्तार हुन थाल्यो जसको परिणाम स्वरुप विश्वविद्यालयहरु स्वायत्त रुपमा संचालन हुने प्रकृयामा अगाडी बढ्न थाले । औद्योगीकरणको विस्तारसंगै विश्वविद्यालयको गरिमा र प्रभाव बढ्न थाल्यो । विश्वविद्यालयहरु ज्ञान, अध्ययन, अनुसन्धान र नवप्रवर्तनका संवाहक बन्न थाले। यसले पनि विश्वविद्यालयको प्रभावकारी संचालनको लागि दबाब सिर्जना गर्न थाल्यो, जसको कारण विश्वविद्यालय सुधारका अभियानहरु संचालन हुन थाले। यस अभियानमा विश्वविद्यालयलाई स्वायत्त, प्रतिस्पर्धी र प्रभावकारी बनाउदै जाने बाध्यात्मक अवस्था सिर्जना हुन थाल्यो ।

१८ औं तथा १९ औं शताब्दीमा विश्वभर चलेका विश्वविद्यालय सुधार अभियानको मुख्य उद्देश्य नै विश्वविद्यालयको प्रज्ञिक अवस्थामा सुधार ल्याउने र त्यसको लागि विश्वविद्यालयको संचालन विधिलाई स्वायत्त बनाउने तथा स्वतन्त्र बोर्ड अफ ट्रष्टिद्धारा विश्वविद्यालय संचालन गर्ने प्रमुख थियो । विश्वभर चलेको प्रजातान्त्रिक आन्दोलनहरु र प्रजातान्त्रिक मुलुकहरुको स्थापनाले पनि विश्वविद्यालयको संचालन ढाचामा परिवर्तन ल्याउन थाल्यो । शक्ति पृथकीकरणको सिद्धान्तले पनि विश्वविद्यालयमा राष्ट्र प्रमुख वा सरकार प्रमुख कुलपति हुने व्यवस्थालाई निस्तेज गर्न थाल्यो। जसको कारण विश्वविद्यालय संचालनमा सरोकारवालको सहभागितामा प्रजातान्त्रिक पद्दतिबाट निर्मित स्वायत्त बोर्ड अफ ट्रष्टिद्धारा विश्वविद्यालय संचालन गर्ने पद्दति स्थापित हुदै गयो। दोस्रो विश्व युद्ध पछिको शित युद्धकालिन अवस्थामा

पनि विश्वविद्यालय संचालनका प्रक्रियामा परिवर्तन देखा पर्न थाल्यो । सो अवधिमा विश्वविद्यालयहरु नै रणनैतिक मन्चको रुपमा विकसित हुन थाले, जसको कारण विश्वविद्यालयहरुलाई पनि पूर्ण क्षमतामा चलाउने, सरकारले विश्वविद्यालयलाई आफनो पक्षमा पार्नको लागि पर्याप्त सुधारहरु गर्ने लगायतका प्रयत्नहरु भए । यसै समयमा विश्वविद्यालयमा सरोकारवालाहरुका विभिन्न समितिहरु बन्न थाले र ति समितीहरुले विश्वविद्यालय संचालनमा आफ्नो अधिकारको माग गर्न थाले । यसले विश्वविद्यालयको संचालन तथा निर्णय प्रकृयामा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्न थाल्यो । जसको कारण विश्वविद्यालय संचालन प्रक्रिया प्रजातान्त्रिक र सहभागितामुलक हुन थाल्यो ।

विश्वव्यापिकरण र भूमण्डलीकरणले पनि विश्वविद्यालयको संचालनमा प्रत्यक्ष प्रभाव पारेका छन् । भूमण्डलीकरणले अन्तर विश्वविद्यालय सम्बन्धको दायरा फराकिलो बनाउदै गयो । विश्वविद्यालयहरुले एकल रुपमा संचालन गर्ने कार्यलाई निरुत्साहित गर्न थल्यो । अन्तर विश्वविद्यालय सम्वन्ध तथा सहकार्यको दायरा फराकिलो हुदै जान थाल्यो । विद्यार्थी तथा शिक्षकहरुको अन्तरदेशीय बसाइँसराइ बढ्न थाल्यो जसको कारण एउटा विश्वविद्यालयको प्राज्ञिक गुणस्तरको कुरा विश्वव्यापी सरोकारको विषय हुने भयो । जसको कारण सबै विश्वविद्यालयहरुमा प्रज्ञिका स्वायत्तता कायम गर्ने र प्रज्ञिक गुणस्तरलाई विश्वव्यापी रुपमा मान्यता प्राप्त गराउनु पर्ने बाध्यता देखा पर्न थाल्यो । त्यस्तै, विद्यार्थी तथा शिक्षकहरुको बढदो बसाइँसराइको कारण पनि विश्वविद्यालयलाई आफनो प्राज्ञिक गुणस्तरमा निरन्तर वृद्धि गर्नु पर्ने र त्यसको लागि योग्य नेतृत्वको सदैब आवश्यकता हुने भयो । गुणस्तरको यो दौडमा विश्वविद्यालयले चुस्त रुपमा निर्णय गर्नु पर्ने अवस्था सिर्जना हुन थल्यो जसको कारण अत्यन्त प्रभावकारी बोर्ड अफ ट्रष्टि तथा त्यसले नियु'क्त गर्ने सक्षम कुलपतिको नेतृत्वमा विश्वविद्यालय संचालन हुने दिशामा विश्वविद्यालयहरु जान थाले ।

राष्ट्र प्रमुख वा सरकार प्रमुख कुलपति हुने विश्वविद्यालयहरुका केहि उदाहरणहरु यहा प्रस्तुत गरिएका छन् । त्रिभुवन विश्वविद्यालयको कुलपति नेपालको प्रधानमन्त्री रहने व्यवस्था रहेको छ । दिल्ली विश्वविद्यालयको प्रमुख भारतको राष्ट्रपति हुने व्यवस्था छ । सिंगापुरको राष्ट्रपति नेसनल युनिभर्सिटी अफ सिंगापुरको कुलपति हुने व्यवस्था रहेको छ । साथै, विश्वका केहि अन्य विश्वविद्यालयमा पनि यो व्यवस्था रहेको छ । तर, विस्तारै यो अभ्यास कमजोर बन्दै गएको छ र यो अभ्यास अपवादको रुपमा अस्तित्वमा रहने देखिन्छ ।

समयक्रमसंगै राष्ट्र प्रमुख, सरकार प्रमुख वा कुनै शासकीय पदको व्यक्ति कुलपति हुने व्यवस्थाबाट बोर्ड अफ ट्रष्टिद्धारा कुलपपति नियुक्त हुने क्रम निरन्तर चलिरहेको छ। संयुक्त राज्य अमेरीकाको युनिभर्सिटी अफ क्यालिफोर्नियामा पहिला क्यालिफोर्नियाको गभर्नर मानार्थ कुलपति (बोर्ड आफ ट्रष्टिको प्रमुख) हुने व्यवस्था थियो। तर, उक्त पदलाई स्वायत्त बनाउने हेतुले ट्रष्टिद्धारा औपचारिक छनौटको प्रक्रियाद्वारा प्रमुख वा कुलपति नियुक्त गर्ने अभ्यासको थालनि भयो। अष्ट्रेलियाको अष्ट्रेलियन नेसनल युनिभर्सिटीमा पहिला अष्ट्रेलियाको प्रधानमन्त्री कुलपति हुने व्यवस्था थियो तर, त्यसलाई परिमार्जन गरे अहिले विश्वविद्यालय काउन्सिलले कुलपति नियुक्त गर्ने प्रकृया सुरु गरिएको छ। केन्याको युनिभर्सिटी अफ नैरोबिमा पनि केन्याको राष्ट्रपति कुलपति हुने व्यवस्थाको अन्त्य गरेर विश्वविद्यालय काउन्सिलले खुल्ला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्त गर्ने व्यवस्था गरिएको छ। फिलिपिन्सको राष्ट्रपति फिलिपिन्स विश्वविद्यालयको कुलपति हुने व्यवस्था थियो, त्यहाँ अहिले स्वतन्त्र बोर्ड आफ ट्रष्टिले कुलपति नियुक्त गर्ने व्यवस्था छ। त्यस्तै, दक्षिण अफ्रिकाको युनिभर्सिटी अफ केप टाउनमा पनि पहिला दक्षिण अफ्रिकाको राष्ट्रपति कुलपति हुने व्यवस्था थियो, त्यसलाई परिमार्जन गरेर खुल्ला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्त गर्ने व्यवस्थाको सुरुवात गरिएको छ। त्यस्तै, बेलायतको अक्सफोर्ड विश्वविद्यालय र भारतको युनिभर्सिटी अफ दिल्लीमा पनि मानार्थ कुलपतिको अधिकारमा अत्याधिक कटौति गरेर बोर्ड अफट्रष्टि वा त्यस्तै निकायलाई शासकीय अधिकारहरु प्रदान गरिएको छ।

विश्वविद्यालयमा राष्ट्र प्रमुख, सरकार प्रमुख, कुनै शासकीय पदको व्यक्ति अथवा कुनै पनि सामाजिक पदको व्यक्तिलाई मानार्थ कुलपतिको रुपमा नियुक्त गर्ने व्यवस्था परम्परागत व्यवस्था हो। यो व्यवस्था स्थापित हुनुको पछाडी विभिन्न कारणहरु थिए। सुरुमा विश्वविद्यालयहरु कम संख्यामा थिए र राज्य संचालनको दृष्टिकोणले रणनैतिक महत्वका थिए, तसर्थ शासकहरुले उक्त केन्दको प्रमुख आफै हुने व्यवस्थाको सुरुवात गरे। विश्वविद्यालयको संख्या कम हुने हुदा त्यसको गरिमा विस्तार गर्न पनि शक्तिशाली र प्रभावशाली व्यक्तिलाई प्रमुख नियुक्त गर्ने परम्पराको सुरुवात भयो। पहिलेका विश्वविद्यालयको स्वआर्जनका विकल्पहरु थिएनन, तसर्थ प्रज्ञिक क्षेत्रमा राज्यले लगानी गर्न प्रेरित गर्ने उद्देश्यले पनि शासकीय पदको व्यक्तिलाई विश्वविद्यालयको प्रमुख बनाउने प्रचलन रहयो। विस्तारै यो प्रचलन विश्वविद्यालय प्रमुखलाई मानार्थ र सम्मानित पदको रुपमा सिर्जना गर्ने परम्परा देखा पर्न थाल्यो। जसको परिणाम स्वरुप विश्वविद्यालय प्रमुखले सांस्कृतिक र सांकेतिक रुपमा मात्र विश्वविद्यालयको प्रतिनिधित्व गर्ने, मुख्य मुख्य मन्चमा मात्र विश्वविद्यालयको प्रमुखको रुपमा

उपस्थिति जनाउने र अन्य सबै कार्यहरु उपकुलपति मार्फत गर्ने परम्पराको थालनी भयो । यसमा विश्वविद्यालय प्रमुख मानार्थ हुने तर, उसले विश्वविद्यालयको सल्लाहकारको रुपमा मात्र जिम्मेवारी बहन गर्ने अवस्थाको थालनि हुन थाल्यो । जव विश्वविद्यालयलाई प्रज्ञिक केन्दको रुपमा स्वायत्त राख्ने मुद्दा प्रबल हुदै जान थाल्यो तब, विश्वविद्यालयमा स्वतन्त्र र निष्पक्ष प्रकृयाद्धारा विश्वविद्यालय प्रमुख वा कुलपति नियुक्त हुने प्रक्रियाको थालनी हुन थाल्यो ।

विश्वका अधिकांश विश्वविद्यालयमा बोर्ड अफ ट्रष्टिले स्वतन्त्र प्रकृयाद्धारा विषय विज्ञ र योग्य व्यक्तिलाई नै विश्वविद्यालयको कुलपतिको रुपमा नियुक्त गर्ने प्रचलन रहेको छ । हार्वड विश्वविद्यालय, स्ट्यान्फर्ड विश्वविद्यालय, म्यासाचुसेट्स इन्टिच्युट अफ टेक्नोलोजी, युनिभर्सिटी आफ टोरन्टो, युनिभर्सिटी अफ सिड्नी लगायत विश्वका अधिकांश विश्वविद्यालयमा बोर्ड आफ ट्रस्टीले विश्वविद्यालय स्वायत्त रुपमा संचालन गर्ने र त्यसको कुलपतिमा योग्य व्यक्तिलाई प्रतिस्पर्धाको आधारमा छनौट गर्ने पक्रिया रहेको छ ।

बोर्ड आफ ट्रस्टीले संचालन गर्ने विश्वविद्यालयमा यस बोर्डलाई विश्वविद्यालयको रणनैतिक कार्यदिशा तय गर्ने, नीति नियमहरु बनाउने तथा कार्यान्वयन गर्ने तथा आर्थिक तथा प्रशासनिक संयन्त्रहरुको परिचालन गर्ने अधिकार रहेको हुन्छ । यस बोर्डमा विभिन योग्यता, अनुभव र प्रज्ञिक पृष्ठभुमिका व्यक्तिहरुको संलग्नता रहेको हुन्छ । यस बोर्डलाई निश्चित अधिकार, कर्तव्य र लक्ष्यहरु तोकिएको हुन्छ । यो बोर्ड नै समग्र विश्वविद्यालयको संचालनमा जिम्मेवार रहन्छ । यसले विश्वविद्यालयको दैनानुदिनको जिम्मेवारी बहन गर्ने देखि भविष्यकालागि योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने समेत कार्य गर्दछ । विश्वविद्यालयलाई आवश्यक पर्ने जनशक्तिको पदपुर्ति र नियुक्ति गर्ने अधिकार पनि बोर्डमा निहित रहेको हुन्छ । साथै, यो बोर्ड विश्वविद्यालयलाई विद्यमान कानून अनुरुप संचालन गर्न, विश्वबजारमा प्रतिपर्धात्मक रुपमा अगाडी बढ्न र प्रज्ञिक जिम्मेवारीलाई कुशलतापुर्वक बहन गर्न पनि जिम्मेवार रहेको हुन्छ । यस बोर्डले नै विश्वविद्यालयका मूल्य र मान्यताहरु स्थापित गर्ने तथा विश्वविद्यालयलाई सामाजिक आवश्यकताहरुसंग एकाकार गराउने कार्य गर्दछ । त्यस्तै यस बोर्डलाई प्रविधिसंग समायोजना गराउदै जाने र परिवर्तित शैक्षिक बातावरणमा अनुकुल बनाउदै जाने जिम्मेवारी पनि रहेको हुन्छ । यस बोर्डसंग विश्वविद्यालयलाई आवश्यक पर्ने आर्थिक नीति तय गर्ने तथा त्यसको कार्यान्वयन र नियमन गर्ने अधिकार पनि रहेको हुन्छ ।

यसमा विश्वविद्यालयलाई आवश्यक आर्थिक भारको उपलब्धता गराउने जिम्मेवारी पनि यसै बोर्डलाई रहेको हुन्छ ।

विश्वभरका विश्वविद्यालयको अर्को प्रमुख चुनौति भनेको शैक्षिक गुणस्तर कायम गर्नु पनि हो । विश्वविद्यालयका प्रध्यापक, कर्मचारी, प्रशासक र बोर्डको संयोजनमा विश्वविद्यालयमा विश्वभर स्वीकार्य शैक्षिक गुणस्तर कायम गर्ने र विश्वविद्यालयबाट उत्पादन हुने विद्यार्थीहरुलाई विश्वबजारमा स्वीकार्य बनाउने जिम्मेवारी पनि बोर्डमा रहेको हुन्छ । त्यसको लागि बोर्डले पाठ्यक्रममा आवश्यक परिमार्जन गर्ने, क्षमतायुक्त प्रध्यापकलाई प्रध्यापनमा संलग्न गराउने, आवश्यक प्राबिधिक सुविधाहरुको उपलब्धता गराउने, अनुसन्धानलाई प्रबर्द्धन गर्ने आदि कार्यहरुमा पनि बोर्ड जिम्मेवार हुने गर्दछ । हरेक विश्वविद्यालयहरु विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा मूल्य मान्यताहरु प्रति जिम्मेवार हुन्छन । विश्वविद्यालयहरु निश्चित कानूनी आधारमा स्थापित हुन्छन र निश्चित सामाजिक मुल्य र मान्यतामा अडिएका हुन्छन । विश्वविद्यालयलाई आवश्यक हरेक कानुनी आधारहरु निर्माण गर्ने कार्यमा यो बोर्ड जिम्मेवार रहन्छ । यसले विश्वविद्यालयका हरेक कार्यलाई पारदर्शी, निष्पक्ष तथा उत्तरदायी बनाउने कार्य गर्दछ । विश्वविद्यालयहरुले विभिन्न खाले आर्थिक, सामाजिक, राजनैतिक, प्राकृतिक विपत्तिहरुको सामना गर्नु पर्ने हुन्छ । त्यस्तो विपद् तथा संकटहरुबाट विश्वविद्यालयलाई सुरक्षित गर्ने कार्यमा पनि यो बोर्ड जिम्मेवार रहन्छ । विश्वविद्यालय विभिन्न सरोकारवालाहरुको साझा मन्च हो । यसमा विश्वविद्यालयका प्रध्यापक, कर्मचारी, विद्यार्थी, भुपुविद्यार्थी, स्थानीय समुदाय, सरकारी निकायहरु, दाताहरु, उद्योग व्यवसायिहरुको प्रत्यक्ष सरोकार जोडिएको हुन्छ । विश्वविद्यालयमा सबै सरोकारवालाहरुको अपनत्व सिर्जना गर्ने, विश्वविद्यालयको निर्णय प्रक्रियालाई समावेशी बनाउने जिम्मेवारी पनि बोर्डमा निहित रहेको हुन्छ ।

विश्वविद्यालयको बोर्ड अफ ट्रष्टिको गठन स्थानीय परिस्थिति, उक्त देशको सरकारको स्वरुप, विश्वविद्यालयको कानुनी हैसियत आदिको आधारमा विभिन्न अवधारणाहरुमा आधारीत रहेर हुने गरेको छ । विश्वभर प्रचलनमा रहेका केहि अभ्यासहरुलाई आधार मानेर हेर्दा विश्वविद्यालयको बोर्ड अफ ट्रष्टिको गठन निश्चित कानुनी आधारमा गरिएको हुन्छ । सो कानुनि आधार भनेको देशको संविधान, ऐन, नियम तथा विश्वविद्यालयका नियमावलीहरु हुन ।विश्वविद्यालयलाई स्वायत्त इकाइको रुपमा विकसित गर्ने अवधारणा अनुरुप प्राय विश्वविद्यालयहरुको संचानलका आफनै आन्तरिक कानुनी व्यवस्थाहरु रहेका हुन्छन् ।

विश्वविद्यालयका विधान र नियमावलीमा रहेर बोर्ड अफ ट्रष्टिको गठन गर्ने गरिन्छ । यस्ता विधान तथा नियमावलीले विश्वविद्यालयको बोर्ड अफ ट्रष्टिको काम, कर्तव्य, अधिकार तथा गठन, विगठन प्रक्रिया तथा कार्यसम्पादन प्रक्रियाको बारेमा स्पष्ट जानकारी दिएका हुन्छन् । त्यस्तै, यिनै विधान तथा नियमावलीमा रहेर बोर्ड अफ ट्रष्टिमा समावेश गरिने पदाधिकारी तथा सदस्यहरुको छनौट प्रकृयाको बारेमा स्पष्ट पारिएको हुन्छ । मुख्य रुपमा बोर्ड अफ ट्रष्टिको सदस्यमा विश्वविद्यालयसंग सरोकार राख्ने विभिन्न पेशा, व्यवसाय, क्षेत्र, निकायका व्यक्तिहरु समावेश भएका हुन्छन् । त्यसमा मुख्य रुपमा सरकारी अधिकारीहरु, भूतपुर्व विद्यार्थीहरु, प्रध्यापकहरु, स्थानीय समुदाय, व्यावसायिक संघ संस्था, दाताहरु, कर्मचारीहरु, विद्यार्थीहरु आदिका प्रतिनिधिहरु रहेका हुन्छन् । यिनीहरुको क्लस्टरबाट कुन आधारमा सदस्य तय गर्ने भन्ने कुरा पनि नियमनवलीमा स्पष्ट पारिएको हुन्छ । मुख्य रुपमा क्षमताको आधारमा निष्पक्ष छनौट प्रक्रिया वा निर्वाचनको आधारमा यस्ता सदस्यहरु छनौट हुने गर्दछन् । बोर्डका सदस्यहरुको आफ्नै कर्तव्य, अधिकार र समयावधि रहेको हुन्छ ।

बोर्ड अफ ट्रष्टिको अर्को महत्वपुर्ण विशेषता भनेको यसले विश्वविद्यालय संचालनको नेतृत्व भविष्यमा कसको काँधमा आउछ भन्ने कुरा निक्यौल गर्न सहज गराउदछ । मानार्थ कुलपति हुने कुरा सरकार गठन, निर्वाचन जस्ता भविष्य निर्धारण गर्न जटिल संरचनामा आधारित हुन्छ जसको कारण विश्वविद्यालयको भविष्यको नेतृत्वले आफुले आफुलाई तयार गर्न सक्दैन तर, बोर्डद्धारा विश्वविद्यालय संचालन हुने प्रक्रियामा बोर्डमाको आउछ भन्ने कुरा पहिला नै अनुमान गर्न सकिने हुदा उक्र व्यक्तिलाई उक्त जिम्मेवारी बहन गर्नको लागि आवश्यक क्षमता विकास गर्ने पर्याप्त समय उपलब्ध हुने गर्दछ । यसरी भविष्यमा बोर्डका पदाधिकारी तथा सदस्यहरु को को हुन सक्दछन भन्ने निक्यौंल गर्न सकिने अवस्थामा नियुक्तिको प्रक्रिया पनि प्रजातान्त्रिक, निष्पक्ष र पारदर्शी हुने गर्दछ । जसको कारण विश्वविद्यालयको बोर्ड तथा नेतृत्वमा योग्य र क्षमतावान व्यक्तिको नियुक्ति हुने संभावना उच्च हुन्छ ।

## नेपालको सन्दर्भः

नेपालको राजनीतिमा पछिल्लो तिन दशकमा धेरै परिवर्तनहरु भए तर, नेपालको विश्वविद्यालयको संस्थागत संरचनामा कुनै परिवर्तन भएन । नेपाल संवैधानिक राजतन्त्रको व्यवस्थाबाट संघिय लोकतान्त्रीक गणतन्त्रमा परिवर्तित भयो तर, नेपालका विश्वविद्यालयहरुको संरचनामा कुनै परिवर्तन देखा पर्न सकेन । नेपालमा उच्चतम लोकतान्त्रीक र विकेन्द्रित व्यवस्था कायम भयो तर, विश्वविद्यालयहरुको संरचनामा प्रधानमन्त्रीको अधिनायकत्व र

केन्द्रीकरण जारी नै रह्यो । नेपाल राजनैतिक रुपमा समावेशी संरचनामा रुपान्तरित भयो तर नेपालका विश्वविद्यालय परम्परागत समुहहरुको वर्चश्वमा अगाडी बढीरहेका छन् । सिंहदरवारको अधिकार गाउँ गाउँ गयो तर, त्रिभुवन विश्वविद्यालय, किर्तिपुरको अधिकार त्यसभन्दा बाहिर बढ्न सकेन । जसको परिणाम स्वरुप नेपालका विश्वविद्यालय मातहतका क्याम्पसहरु निरन्तर असान्दर्भिक बन्दै जान थाले र विद्यार्थींहरुको आकर्षण विदेशी शैक्षिक संस्थाहरु आवद्ध शिक्षण सस्थाहरुमा बढ्न थाल्यो ।

विश्वविद्यालयहरुको शासकीय स्वरुपमा विश्वभर निरन्तर परिवर्तनहरु देखा पर्दै जान थालेका छन् । शिक्षण संस्थाहरुको शासकीय स्वरुप निरन्तर जटिल बन्दै गएको छ । निरन्तर देखा पर्ने राजनैतिक परिवर्तन, आर्थिक उतार चढाव, प्रविधिमा तिब्र विकास, शिक्षण विधि तथा पाठ्यक्रममा देखा पर्ने परिवर्तनसंग समयाअनुकुल समायोजन हुन पनि विश्वविद्यालयका संरचनाहरु प्रजातान्त्रिक, विकेन्द्रित, लचक हुदै जानु पर्दछ । विश्वविद्यालयको अधिनायकवादी संरचना, शक्तिको केन्द्रिकरण, निर्णय प्रकृयामा सरोकारवालाहरुको समावेशीताको अभाव र समय अनुकुल नीतिगत तथा संरचनागत परिवर्तनको अभाव हुन गएमा विश्वविद्यालयहरु कमिक रुपमा असान्दर्भिक हुदै जान्छन् । विश्वविद्यालयले दिक्षित विद्यार्थीहरुलाई उद्यमशिलता र श्रम बजारसंग जोड्न सक्नु पर्दछ, त्यसको लागि पनि विश्वविद्यालय निरन्तर परिवर्तनशिल र सक्षम हुनु पर्दछ ।

विश्वव्यापीकरण र प्रविधिको विस्तारसंगै विश्वका कुनै पनि कुनाका विश्वविद्यालयहरु विश्व बजारका अंग हुन् । हरेक विश्वविद्यालयले अस्तित्व रक्षाको लागि उत्कृष्टता हासिल गर्नु पर्नेछ र आफुलाई विविध विधाहरुमा अब्बल सावित गर्दै लानु पर्नेछ । जब विश्वविद्यालयको संचालन प्रक्रिया स्वायत्त, पारदर्शी र योग्यतामा आधारित हुन्छ तब मात्र समय सापेक्ष अगाडी बढ्ने विश्वविद्यालयको कल्पना गर्न सकिन्छ । हाम्रा विश्वविद्यालय संचालनको संरचना अत्यन्त केन्द्रिकृत छ र भद्दा छ । त्यसलाई तत्काल विकेन्द्रित, स्वायत्त र चुस्त नबनाउने हो भने विश्वविद्यालयहरु खण्डहरमा रुपमान्तरण हुने प्रकृया चलि नै रहने छ । विश्वविद्यालयको संचालनलाई चुस्त बनाउन संचालनको संरचनामा कर्तव्य र अधिकारको उचित बाँडफाड हुनु पर्दछ र जिम्मेवारी योग्यताको आधारमा तय गरिनु पर्दछ । राजनैतिक नियुक्तिको नाममा कार्यकर्ता भर्ति गर्ने प्रकृयाले विश्वविद्यालय निरन्तर अधोगतितर्फ अगाडी बढ्ने छन् । त्यस्तै विश्वविद्यालयको संचालन प्रकृयामा सवै सरोकारवालाहरुको उचित समावेशिता रहनु पर्दछ ।

यसले निर्णय प्रकृयामा विभिन्न विचारहरुको समावेशिता सुनिश्चित गर्दछ र सान्दर्भिक र समय सापेक्ष निर्णयको सुनिश्चितता गर्दछ ।

नेपालमा विश्वविद्यालयको संचालनको सन्दर्भ हेर्दा पनि विश्वविद्यालयहरुको संचालनको विश्व इतिहासको प्रतिबिम्ब पाउन सकिन्छ । फरक यो मात्र हो कि विश्वका धेरै विश्वविद्यालयहरु नेपालका विश्वविद्यालय भन्दा केहि सय बर्ष पुराना छन् । नेपालमा विश्वविद्यालयको इतिहास वि.स. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापनाबाट सुरु हुन्छ । त्यसपछि वि.स. २०४३ सालमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भयो भने, त्यसपछि काठमाडौँ विश्वविद्यालय (२०४८ साल), पोखरा विश्वविद्यालय (२०५४), पूर्वाञ्चल विश्वविद्यालय (२०५२), लुम्बिनी विश्वविद्यालय (२०६०) मध्यपश्चिमाञ्चल विश्वविद्यालय (२०६८), सुदूरपश्चिम विश्वविद्यालय (२०६७), नेपाल कृषि तथा वन विश्वविद्यालय ((२०६८), नेपाल खुला विश्वविद्यालय (२०७३), राजर्षि जनक विश्वविद्यालय (२०७४), गण्डकी विश्वविद्यालय (२०७६), मनमोहन प्राविधिक विश्वविद्यालय (२०७६) र मधेश कृषि विश्वविद्यालय (२०७८) को स्थापना भयो । सुरुमा खोलीएका त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालय शासकीय दृष्टिकोणबाट रणनैतिक महत्वका थिए । शासकले आफुलाई आवश्यक पर्ने विचारको निर्माण यिनै विश्वविद्यालयहरुमा हुने गर्दथ्यो । तसर्थ, शासन सत्ताको प्रमुख नै विश्वविद्यालयको प्रमुख हुने व्यवस्थाको निर्माण भयो । तर, समयक्रमसगै शासकीय व्यवस्थालाई चाहिने विचार निर्माणमा यी विश्वविद्यालयहरुको भूमिका गौण भैसकेको छ । संस्कृत विश्वविद्यालय त अस्तित्व रक्षाको अवस्थामा पुगिसकेको छ तर, विश्वविद्यालयको प्रमुख शासनसत्ताको प्रमुख हुने अभ्यास भने अहिले पनि कायम नै छ ।

सरकार प्रमुख नै विश्वविद्यालयहरुको प्रमुख हुदा विश्वविद्यालयहरु नेतृत्व बिहिन अवस्थामा रहेका छन् । पहिलेको नेपाल राज्य निर्माणको प्रक्रियामा थियो । राज्यका धेरै एकाइहरु विकसित भैसकेका थिएनन्, विश्व व्यवस्थासंग नेपालको सम्वन्ध कमजोर थियो तसर्थ, विश्वविद्यालयको नेतृत्वको भूमिका निर्वाह गर्न सरकार प्रमुखसंग केहि समयको उपलब्धता हुने गर्दथ्यो । तर, आज नेपाल जटिज शासकीय संरचनामा प्रवेश गरिसकेको छ । सरकार प्रमुखले निर्वाह गर्नु पर्ने भूमिका विस्तार भएको छ । तसथर्थ, सरकार प्रमुखले विश्वविद्यालयको नेतृत्वको रुपमा जति समय दिनु पर्ने हो त्यति समय दिन सक्ने अवस्था छैन जसको कारण विश्वविद्यालयका कयौ रणनैतिक महत्वका निर्णयहरु हुन सकेका छैनन् । सरकार प्रमुख सदैव राजनैतिक व्यक्तित्व हुन्छ तसर्थ, राजनैतिक व्यक्तित्व विश्वविद्यालयहरुको नेतृत्व रहने हुँदा

विश्वविद्यालयहरु राजनीतिकरणले ग्रस्त छन् । विश्वविद्यालयका पदाधिकारीहरु राजनैतिक रुपमा नियुक्त हुन्छन्, विश्वविद्यालयका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु राजनैतिक रुपमा विभक्त छन् र उनीहरुको राजनैतिक पक्षधरताको आधारमा नै कार्यसम्पादन मुल्याङ्कन हुने अवस्थाको सृजना भएको छ। जसको कारण पार्टीको कार्यकर्ता विश्वविद्यालयको नेतृत्वमा रहने, पार्टी कै कार्यकर्ताहरु विभिन्न तह र तप्कामा नियुक्त गरिने र पार्टीको पक्षधरताको आधारमा सरुवा र बढुवा हुने प्रचलनले विश्वविद्यालयहरु ग्रस्त बनेका छन्। विश्वविद्यालयमा सरकार प्रमुख मुल नेतृत्वमा रहने हुदा नेपालजस्तो अस्थिर राजनितिले ग्रस्त मुलुकमा सरकार परिवर्तनसंगै विश्वविद्यालयको नेतृत्व पनि परिवर्तन हुने संक्रमण देखिएको छ। जसको कारण विश्वविद्यालयमा स्थिर संचालन रणनीतिको अभाव रहने, लहडको भरमा विश्विद्यालय संचालन हुने र राम्रो र नराम्रो परिणामको जस र उपजसको जिम्मेवार कोहि नुहने अवस्थाको सिर्जना भएको छ ।

विश्वविद्यालयमा प्रज्ञिक नेतृत्वको अभाव रहने हुँदा, विश्वविद्यालयका पाठ्यक्रम, सिकाइ विधि, प्राध्यापकहरुको उचित तालिमको व्यवस्था आदि हुन सकेको छैन । जसको कारण विश्वविद्यालयवाट पास भएर निस्कने विद्यार्थीहरुले बजारमा उचित अवसरहरु नपाउने र नेपालको शिक्षण संस्थाहरुको विश्वस्तरमा समकक्षतामा प्रश्न चिन्ह खडा हुने अवस्था सिर्जना भएको छ । प्राज्ञिक नेतृत्वको अभावको विश्विद्यालय प्रज्ञिक रुपमा दिशाबिहिन अवस्थामा पुगेका छन् । विश्वविद्यालयको मुल नेतृत्व अस्थिर र व्यस्त रहने हुदा विभिन्न सरोकारवालाहरुलाई विश्वविद्यालयको उनन्यनमा लगाउने कार्य कमजोर बन्दै गएको छ । मुल नेतृत्वको बेवास्ताको कारण पक्षधरताको आधारमा क्षणिक अवस्थाको परिपुर्तिको लागि नीति तथा कार्यक्रमहरु लागु गर्ने परिपार्टीको सिर्जना भएको छ।

नेपालका विश्वविद्यालयहरुलाई विश्वस्तरका विश्वविद्यालयहरुसंग प्रतिस्पर्धी बनाउन तथा विश्वविद्यालयबाट दिक्षित विद्यार्थीहरुलाई उचित अवसरहरुको सिर्जना गर्न विश्वविद्यालयहरुमा अत्यन्त क्षमतावान र प्राज्ञिक नेतृत्वको आवश्यकता खड्किएको छ। निष्पक्ष छनौट प्रक्रियाबाट क्षमता, योग्यता तथा अनुभवको आधारमा नियुक्त नेतृत्वले मात्र असान्दर्भिक बन्दै गएका र अस्तित्व रक्षाको अवस्थामा पुगेका विश्वविद्यालयको प्राण रक्षा गर्न सक्दछ र पुन सान्दर्भिक बनाउन सक्दछ । मानार्थ व्यक्ति विश्वविद्यालयको मुल नेतृत्व हुने व्यवस्थाबाट विश्वविद्यालयको मुल नेतृत्व बोर्ड आफ ट्रष्टिले निष्पक्ष आधारमा क्षमतावान व्यक्ति छनौट गर्ने व्यवस्था स्थापित गर्न सवै पक्षबाट सरकारलाई दबाब सर्जना गर्नु पर्ने देखिन्छ। अखिल

नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले सुरु गरेको बोर्ड आफ ट्रष्टि मार्फत विश्वविद्यालय संचालन गर्ने संघर्षमा साथ दिनु हुन हामी सवैमा अपिल गर्दछौं ।

**(अनेरास्वविवियु केन्द्रीय कमिटी अध्यक्ष क.समिक बडाल द्वारा तयार पारिएको अवधारणा पत्र)**